# एनवाइसि स्वास्थ्य तथा मानसिक स्वास्थ्य विभागको कोभिड-१९ समानता कार्य योजनाको सिंहावलोकन

कोभिड-१९ एउटा नयाँ रोग भए तापनि, यसले गरेको विनास परिचित छन्: अश्वेत, ल्याटिनो, आप्रवासी र ल्याटिन-भाषी समुदायहरू असङ्गत रूपमा प्रभावित छन्।

सहरको कोभिड-१९ सम्बोधनमा निष्पक्ष नीतिहरू तथा अभ्यासहरू अघि बढाउनका लागि स्वास्थ्य र मानसिक स्वास्थ्य विभागले **समानता कार्य योजना** कार्यान्वयन गर्दैछ। यस योजनाले कोभिड-१९ केसहरू, अस्पताल भर्ना तथा मृत्युको असङ्गत बोझ भएका छिमेकमा समुदाय र स्वास्थ्य स्याहार साझेदारहरूसँग केन्द्रित सन्देश प्रवाह र बढी संलग्नता प्रयोग गर्दछ। **यी छिमेकहरूमा न्यूनलगानी र संरचनागत जातिवाद कोभिड-१९ का लागि जोखिम कारकहरू भएको हामी स्वीकार गर्दछौं।**

समानता कार्य योजनाले समुदायका सदस्यहरूमा राम्ररी पुग्नका लागि जातिय न्याय संरचना र जनसङ्ख्या-निर्दिष्ट रणनीतिहरूको प्रयोग गर्दछ। यस उपागमले कोभिड-१९ द्वारा सबैभन्दा पीडित समुदायहरूले उनीहरूलाई आवश्यक जानकारी, स्रोतहरू र सहयोग प्राप्त गरेको निश्चित गर्दछ।

यस समानता कार्य योजनाका प्रमुख तीनवटा भागहरू रहेका छन्:

1. स्वास्थ्य स्याहार प्रदायकहरूसँग संलग्न हुने:
   विपद् सम्बोधनका सबै चरणहरूमा यस सामुदायिक स्वास्थ्य आपातकालको अग्रपङ्क्तिमा रही सेवा गर्न क्षमता वृद्धि गर्न १० वा कम डाक्टरहरूको व्यवस्थापनमा सामुदायिक स्वास्थ्य स्याहार प्रदायकहरूसँग काम गर्ने; कोभिड-१९ का जोखिम कारकहरू न्यूनीकरण गर्नका लागि समुदाय स्वास्थ्य स्याहार आवश्यकताहरू पहिचान गर्न र सम्बोधन गर्न प्रदायकहरूलाई सहयोग गर्ने। यसो गर्नका लागि हामी:
   - क्लिनिकहरूमा स्वतन्त्र प्रदायकहरूका आवश्यकताहरू मूल्याङ्कन गर्छौं र उनीहरूका क्लिनिकहरू पुनः खोल्नका लागि र दैनिक सञ्चालन नियमित राख्नका लागि प्राविधिक सहयोग प्रदान गर्छौं।
   - प्रदायकहरूलाई टेलिमेडिसिन सेवा प्रदान गर्नका लागि प्रोत्साहित गर्छौं र उनीहरूलाई पुनर्भुक्तानी खोज्न सहयोग गर्छौं।
   - बिरामीहरूलाई जाँच गर्न र उनीहरूलाई औषधि, खोप, स्वास्थ्य जानकारी र अन्य स्रोतहरू सहित स्याहारसँग जोड्नका लागि बिरामीसँग सम्पर्क गर्न प्रदायकहरूलाई मद्दत गर्छौं।
   - प्रचलित कार्यालय व्यवस्थापन बाहिर व्यक्ति-उपस्थित स्याहार भेट चालू गर्न विधिहरू `अन्वेषण गर्छौं, जस्तै मोबाइल क्लिनिकहरू।
   - व्यक्तिगत सुरक्षात्मक उपकरण सहित मेडिकल आपूर्तिहरू प्रदान गर्छौं।
   - सहरको कोभिड-१९ होटल कार्यक्रममा अधिकारप्राप्त भर्नाकर्ताहरू बन्नका लागि प्रदायकहरूलाई साइनअप गराउँछौ, जसले कोभिड-१९ हुनसक्ने वा कोभिड-१९ भएको मानिससँग बस्ने र अन्य घरपरिवारका सदस्यहरूबाट छुट्टिन नसक्ने मानिसहरूका लागि होटलका कोठाहरू प्रदान गर्दछ।
   - प्रदायकहरूलाई सहर सेवाहरू र स्रोतहरूबारे सूचीत गर्छौं जसले उनीहरूका बिरामीहरूलाई कोभिड-१९ सामुदायिक स्वास्थ्य आपातकालको अवधि र त्यसपछि

सहयोग गर्न सक्छन् (स्वास्थ्य, खाना, अन्य सामाजिक सेवाहरू)।

2. <u>सामुदायिक साझेदारहरूसँग संलग्न हुने:</u>
 स्वास्थ्य मामिलाहरू पहिचान गर्ने, सम्बोधन रणनीतिहरू सिर्जना गर्ने, सामान्य स्वास्थ्य जानकारीबारे सचेतना वृद्धि गर्ने र समुदायका सदस्यहरूले स्वास्थ्य स्याहार प्राप्त गरेको र अन्य स्रोतहरूमा उनीहरूको पहुँच रहेको निश्चित गर्ने सामुदायिक साझेदारहरूसँग प्रत्यक्ष रूपमा काम गर्ने।
 यसो गर्नका लागि हामी:
 - सामुदायिक आवश्यकताहरूलाई राम्ररी बुझ्न र पूरा गर्न सामुदायिक नेतृत्वकर्ताहरू, समुदाय-आधारित सङ्गठनहरू तथा आस्था-आधारित समूहहरूसँग सम्बन्ध निर्माण गर्न एवम् साझेदारी गर्न जारी राख्छौँ।
 - समुदायका समूहहरू र सदस्यहरूलाई सहर सेवाहरू र स्रोतहरूसँग जोड्छौँ जसले उनीहरूका समुदायहरूलाई कोभिड-१९ सामुदायिक स्वास्थ्य आपातकालको अवधि र त्यसपछि सहयोग गर्न सक्छन् (स्वास्थ्य, खाना, अन्य सामाजिक सेवाहरू)।
 - समुदायका सदस्यहरूको स्वास्थ्य र कुशलता जाँच सञ्चालन गर्छौं जसले गर्दा स्वास्थ्य आवश्यकताहरू पहिचान गर्न सकियोस् र उनीहरूलाई विभिन्न स्वास्थ्य समस्याहरू बारे शिक्षित पार्नका साथै स्याहारमा जोड्न सकियोस्।
 - समुदायका साझेदारहरू र सदस्यहरूका नयाँ र चालू आवश्यकताहरू पहिचान गरेर सहरको नेतृत्वका लागि रिपोर्टहरू उत्पादन गर्छौं।
 - सम्पर्क ट्रेसिङ अघि बढ्दै गर्दा समुदायका आवाज तथा आवश्यकताहरूमा विचार गरिएको सुनिश्चित गर्न स्वास्थ्य + अस्पतालहरूको साझेदारीमा परीक्षण तथा ट्रेस समुदाय सल्लाहकार बोर्ड(सिएबि) स्थापित गर्छौं र नेतृत्व गर्छौं।

3. <u>समुदायसँग सञ्चार गर्ने:</u>
 कोभिड-१९ बारे समुदायका सदस्यहरूको बुझाई वृद्धि गर्नका लागि अप-टु-डेट जानकारी दिने र गलत जानकारी पराजित गर्नका लागि काम गर्ने; मानिसहरूलाई स्वस्थ रहन मद्दत गर्न स्रोतहरू प्रदान गर्ने; र समुदायका कथाहरू उठाउने तथा स्वास्थ्यमा संरचनागत असमानताको प्रभाव प्रकाश पार्ने।
 यसो गर्नका लागि हामी:
 - समुदाय सञ्जालहरू र सबवेहरू तथा स्थानीय स्टोरहरूमा राखिने सङ्केतहरू मार्फत २० भन्दा बढी भाषाहरूमा कोभिड-१९ मार्गदर्शन प्रदान गर्छौं।
 - समुदायका सदस्यहरूलाई सोझै हुलाक र फोन टेक्स्ट मार्फत, निम्न सहित, कोभिड-१९ बारे सूचीत गर्छौं:
   - लक्षणहरू
   - गम्भीर बिरामीका लक्षणहरू
   - रोकथाम र स्याहार
   - सामना गर्ने सीपहरू तथा कुशलता रणनीतिहरू
 - समुदाय र आस्था-आधारित सङ्गठनहरू, समुदायका नेतृत्वकर्ताहरू, र चयनित अधिकारीहरूसँगको सह-आयोजनमा समुदायहरूका लागि लक्ष्यित टेलि-टाउन हलहरू निर्माण गर्छौं।

- लक्ष्यित विज्ञानपहरू निर्माण गर्छौं र विभिन्न च्यानलहरू मार्फत प्रवर्द्धन गर्छौं।

प्रत्येक न्यु योर्कवासी कोभिड-१९ बाट पूर्णतया प्रभावित हुँदै गर्दा, अश्वेत, ल्याटिनो, आप्रवासी र न्यून-आय समुदायहरूमाथिको असङ्गत प्रभाव अस्वीकार्य छ र यसको सम्बोधन गरिनै पर्नेछ। यो असङ्गत प्रभावलाई न्यूनलगानी तथा विद्यमान सामाजीक, आर्थिक र स्वास्थ्य प्रणालीमा गाडिएको संरचनागत जातिवादले बढाएको छ। यो समय हामीले आफ्ना साथी न्यु योर्कवासीहरूलाई मद्दत गर्ने हो र बाँकी विश्वलाई सामाजीक असमानताका परिणामहरू ज्ञात गराउने हो। **हामी स्वस्थ र सुरक्षित तब मात्र हुन्छौं जब हाम्रो न्यूनतम स्वस्थ र सबैभन्दा जोखिमयुक्त समुदाय स्वस्थ र सुरक्षित हुन्छ।**

**एनवाइसी स्वास्थ्य विभागले परिस्थितिहरू विकसित हुँदै जाँदा सिफारिसहरू परिवर्तन गर्न सक्नेछ।**

6.5.20